# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ६ गते २०२३ साल

**श्री ५ को सरकार**

### निर्माण, सञ्चार तथा यातायात-मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्रीपुर, वीरगञ्जको निम्नलिखित जग्गा वीरगञ्ज टेलि-फोन एक्सचेञ्ज भवन निर्माण गर्नको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ :-

श्रीपुरमा अमलेखगञ्ज जाने रेल्वे लिगदेखि ५० पचास गज छाडेर शाहेबज्यू वनेन्द्र विक्रम शाहको पर्ति जग्गादेखि पश्चिम, हेमकुमारीको छोरा हरिराजाको बंगाला नजिकको रूखको ठुटो तथा खजूरको सानो ठूलो बोट भएको डिलदेखि उत्तर, पिपलको रूख र अमले-खगञ्ज जाने सडक तथा रेल्वे लिगको डिलमा रहेको आंपको रूखदेखि दक्षिण, शाहेबज्यू वनेन्द्रविक्रम शाहको जग्गामा काटिएको सुकेको पिपलको रूखदेखि पूर्व, यति ४ चार किल्ला भित्रको मालपोत रू. १२। लागेको जम्मा जग्गा ।।२ बाह्र कट्ठाको कित्ता एक ।

आज्ञाले-

श्यामकृष्ण भट्टराई

**श्री ५ को सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220